# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र


खण्ड : ४ संख्या :२४ फागुन २६, २०८१


## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/११/२६ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको गाउँ सभाको १६औं अधिवेशनको तेस्रो बैठकमा पेश हुने कार्यसूची छलफल गरि स्वीकृत गरियो |
| ३ | गुल्मीदरबार गाउँपालिकामा कपडा बैंक स्थापनाको लागि रु.१५०००० ।–रकम विनियोजन गरि क्लथ एण्ड फुड बैंक नेपालसँग सम्झौता गरि काम अगाडी बढाउने निर्णय गरियो । |
| ४ | यस गुल्मीदरबार गाउँपालिकामा कृषि क्षेत्रको पूर्वाधार निर्माण तथा यान्त्रीकरण प्रबर्द्धनका लागि कृषि क्षेत्रको पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रबर्द्धन केन्द्र हरिहरभवन, ललितपुरसँग तपशिलका योजनाहरु लागत साझेदारीमा सञ्चालनको गर्न आवश्यक बजेटको विनियोजनका लागि प्रतिबद्धता गर्ने निर्णय गरियो ।<br>**तपशिलः**<br>१. गुल्मीदरबार गाउँपालिका अन्तरगत सिंचाई संरचना निर्माण रकम रु.१ करोड<br>२. कोल्ड रुम निर्माण ५ वटा लागत रु.५० लाख<br>३. कृषि यान्त्रीकरण(मिनिटेलर/कम्बाईन मिल) ५०/५० थान |
| ५ | गुल्मिदरबार गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि जग्गा आवश्यक भएको हुँदा गुल्मीदरबार गाउँपालिका वडा नं. ३ मा रहेको श्री म्यालपोखरी माध्यमिक विद्यालयको प्राङ्गणमा उपलब्ध गराउन चाहेको हुँदा स्थलगत अध्ययन गर्न निर्णय गरियो । |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत